# किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रम संचालन तथा प्रमाणिकरण निर्देशिका, २०७८

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग,

परिवार कल्याण महाशाखा, टेकु

# मन्तव्य

# मन्तव्य

# विषय सूचि

प्रस्तावनाः........ v

**परिच्छेद-१ संक्षिप्त नाम, प्रारम्भ, परिभाषा र उद्देश्यहरू**........ vi

**परिच्छेद–२ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा मापदण्ड** ........ viii

**परिच्छेद–३ संस्थागत संरचना**........ x

**किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा गुणस्तर प्रमाणिकरणको लागि संस्थागत संरचनाहरू**........ x

**१. संघीय : किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति**........ xi

**२. प्रदेश : किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति** ........ xii

**३. स्थानीय : किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति**........xiii

**परिच्छेद– ४ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन प्रकृया**........ xv

क. स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको व्यवस्थापन समिति तथा तथा निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको हकमा व्यवस्थापन/संचालन समिति........xvi

ख. सरोकारवाला संघसंस्था, जनप्रतिनिधि, शिक्षक र शिक्षिका........xvi

ग. सेवा प्रदायक तथा सम्बन्धित स्वास्थ्य संस्थाका अन्य कर्मचारी........xvi

**परिच्छेद– ५ सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन** ........xvi

**परिच्छेद– ६**........xix

**क किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणिकरण गर्ने निकायहरू** ........xix

**परिच्छेद– ७ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको गुणस्तर प्रमाणिकरण प्रक्रिया (Process of Certification)**........xxi

**परिच्छेद– ८ अङ्क दिने र स्तर निर्धारण गर्ने तरिकाहरू (Scoring and Determination of Status)** ........xxii

**प्रतिशत निकाल्ने तरिका :** ........xxiii

**परिच्छेद.९ गुणस्तर सुधार कार्य योजना बनाउने तरिका**........xxiv

**परिच्छेद १० : विविध**........xxv

**अनुसूचिहरू** ........xxvi

**अनुसूची १ :** किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणिकरण क्षेत्रका मूल्याङ्कन आधारहरू........xxvi

**अनुसूची २ : किशोर किशोरीसँगको अन्तरवार्ता ( आन्तरिक/स्व तथा वाह्य मूल्याङ्कनको लागि)** ........xxxii

द्रष्टव्य : **माथि दिइएको प्रश्नहरूको आधारमा** कम्तिमा २ जना सेवाग्राही किशोरकिशोरीहरूसँग अन्तरवार्ता लिनु पर्नेछ । स्वास्थ्य सस्थामा किशोरकिशोरी नभेटिएमा समुदायमा गएर भए पनि अन्तरवार्ता लिनु पर्नेछ ।........ xxxiii

**अनुसूची : ३** स्वास्थ्य संस्था व्यवस्थापन समिति वा निजिको हकमा स्वास्थ्य संस्था संचालक **समितिका पदाधिकारीसंगको अन्तरवार्ता ( आन्तरिक/स्व तथा वाह्य मूल्याङ्कनको लागि)**........ xxxiii

**अनुसूचि ४ : स्वास्थ्य संस्थाको प्रमाणिकरणका लागि अनुगमन गर्दा ध्यान दिनुपर्ने विषयहरू :**........ xxxiv

**अनुसूची ५ कार्ययोजना फाराम** ........ xxxv

**अनुसूचि ६ : किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको लागो** ........ xxxvi

## प्रस्तावना:

राष्ट्रिय स्वास्थ्य नीति २०७६, पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा बिकास रणनीति, २०७५ मा व्यवस्था भए_बमोजिम किशोरकिशोरी मैत्री स्वास्थ्य कार्यक्रमलाई थप बिस्तार, सुदृढीकरण, स्वास्थ्य संस्थाको प्रमाणिकरण गर्न बान्छनिय भएकाले "सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार, २०७५" को दफा ३, २८ र जनस्वास्थ्य सेवा नियमावली ,२०७७ को अनुसूची ३ मा ब्यबस्था भएको आधारभुत स्वास्थ्य सेवा अन्तर्गतको किशोरकिशोरी मैत्री स्वास्थ्य सेवालाई सुनिश्चित गर्न "सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ ।

**अथवा**

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवालाई गुणस्तरीय वनाई सेवा बिस्तार गर्न र स्वास्थ्य संस्थाको प्रमाणिकरण गर्न बान्छनिय भएकाले "सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार, २०७५" को दफा ३, २८ र जनस्वास्थ्य सेवा नियमावली, २०७७ को अनुसूची ३ मा ब्यबस्था भएको आधारभुत स्वास्थ्य सेवा अन्तर्गतको किशोरकिशोरी मैत्री स्वास्थ्य सेवालाई सुनिश्चित गर्न "सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१ संक्षिप्त नाम, प्रारम्भ, परिभाषा र उद्देश्यहरू

**नामः**

(१) यस निर्देशिकाको नाम किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रम संचालन तथा प्रमाणिकरण निर्देशिका, २०७८ रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ख) **"स्वास्थ्य संस्था"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह मातहतका सरकारी स्वास्थ्य संस्था, प्रचलित कानून बमोजिम स्थापित, गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामुलक सामुदायिक स्वास्थ्य संस्थालाई समेत जनाउँछ ।

(ग) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका तथा जिल्ला विकास समितिलाई सम्झनुपर्छ र सो शब्दले स्थानीय तहको वडा समिति समेतलाई जनाउँछ ।

(घ) **"किशोरकिशोरी"** भन्नाले दस बर्षदेखि उन्नाईस बर्षको उमेर समूहको ब्यक्ती सम्झनु पर्दछ ।

(ङ) **"किशोरकिशोरी मैत्री सेवा"** भन्नाले यस निर्देशिकाको परिच्छेद २ अनुसारका मापदण्ड अनुरुप स्वास्थ्य संस्थाले किशोरकिशोरीलाई प्रदान गर्ने स्वास्थ्य सेवा भनेर सम्झनु पर्दछ ।

(च) **"समिति"** भन्नाले यस निर्देशिकाको परिच्छेद ३ अनुसार गठन भएको किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण समिति भनेर बुझ्नु पर्दछ ।

(छ) **"प्रमाणिकरण"** भन्नाले यस निर्देशिकाको परिच्छेद २ अनुसारको मापदण्ड भए नभएको प्रमाणित गर्न परिच्छेद ५ अनुसारको सामाग्री र विधि प्रयोग गर्ने प्रक्रिया भनेर सम्झनु पर्दछ ।

**निर्देशिकाकोउद्धेश्यः**

**क**

१. किशोरकिशोरी मैत्री कार्यक्रमको बिस्तार, गुणस्तर वृद्धि गर्दै कार्यक्रमलाई थप सुदृढीकरण गर्न मार्ग निर्देशन गर्ने ।

२. स्वास्थ्य संस्थाले प्रदान गर्ने किशोर किशोरी मैत्री सेवा राष्ट्रिय मापदण्ड बमोजिम भएको सुनिश्चित गरी प्रमाणिकरण गर्न सहजीकरण गर्ने ।

## परिच्छेद–२ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा मापदण्ड

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा भनेको कुनै अलग्गै सेवा नभै उपलब्ध सेवाहरूलाई किशोरकिशोरीहरूले सहज र मैत्रिपूर्ण तरिकाले उपयोग गर्न सक्ने वातावरण र अवस्था हो । किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा दिंदा अपनाउनु पर्ने मापदण्डहरू यस प्रकार छन् ।

क्षेत्रः किशोरकिशोरीको स्वास्थ्य साक्षरता **(Adolescents' health literacy area)**
===========================
**Standard 1.** The health facility implements systems to ensure that adolescents are knowledgeable about their own health, and they know where and when to obtain health services.

**मापदण्ड १** : स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्र भित्ररहेको किशोरकिशोरीहरूलाई आफ्नो स्वास्थ्य सम्बन्धि ज्ञान, स्वास्थ्य सेवा लिनुपर्ने अवस्था र स्थानको जानकारी रहेको सुनिश्चतता गर्नुपर्नेछ ॥

क्षेत्रः समुदाको सहयोग **(Community support**
=================
**Standard 2.** The health facility implements systems to ensure that parents, guardians and other community members and community organizations recognize the value of providing health services to adolescents and support such provision and the utilization of services by adolescents.

**मापदण्ड २ :** स्वास्थ्य संस्थाले आफ्नो कार्यक्षेत्र भित्ररहेका अभिभावक, संरक्षक र अन्य सरोकारवालाहरूलाई किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको औचित्य बुझाई सेवाको प्रत्याभुत गर्ने तथा किशोरकिशोरीहरूले स्वास्थ्य सेवा लिन आवश्यक वातावरणको सुनिश्चितता गर्नुपर्नेछ ॥

क्षेत्रः सेवाका लागि आवश्यक प्याकेज **(Appropriate package of services)**
===========================
**Standard 3.** The health facility provides a package of information, counselling, diagnostic, treatment and care services that fulfils the needs of all adolescents. Services are provided in the facility and through referral linkages and outreach.

**मापदण्ड ३ :** स्वास्थ्य संस्थाले सूचना, परामर्श, निदानात्मक, उपचार र हेरेरचाह सेवा को प्याकेज बनाई किशारकिशोरीको आवश्यकता पुरा गर्दछ । यी सेवाहरू आफ्नै संस्था वा प्रेषण गरिने संस्था एवं वाह्य क्लिनिक बाट दिने व्यवस्था गर्नेछ ।

क्षेत्रः स्वास्थ्यकर्मिको क्षमता **(Providers' Competencies)**
=====================
**Standard 4.** Health-care providers demonstrate the technical competence required to provide effective health services to adolescents. Both healthcare providers and support staff respect, protect and fulfil adolescents' rights to information, privacy, confidentiality, non-discrimination, non-judgemental attitude and respect.

**मापदण्ड ४ :** स्वास्थ्य सेवा प्रदायकहरूहरुले प्राविधिक दक्षताको प्रयोग गरी कशोरकिशोरीहरूको आवश्यकता अनुसार प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्छ) गर्छ । स्वास्थ्य सेवा प्रदायक तथा त्यस स्वास्थ्य संस्थामा कार्यरत ` सम्पूर्ण कर्मचारीहरूले किशोरकिशोरीहरूहरूको सूचनाको हकको समान, गोपनियता

र गोप्यताको कार्यान्वयन तथा भेदभाव रहित, कुनै व्यक्तिगत धारणाको कारण हुने विभेद (जज्मेन्टल) विना व्यवहार र सेवा पाउने हकलाई सम्मान र संरक्षण गर्छ ।

किशोरकिशोरीहरूले बिना भेदभाव आफ्नो यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि सेवा तथा सूचना प्राप्त गर्ने अधिकारको उपयोग गरेको हुनु पर्नेछ । ९निर्देशिका मा प्रयोग हुने खालको भाषा राखेर तल पनि मिलाउने०

क्षेत्रः स्वास्थ्य संस्थाको विशेषता **(Facility characteristics)**
===================

**Standard 5.** The health facility has convenient operating hours, a welcoming and clean environment and maintains privacy and confidentiality. It has the equipment, medicines, supplies and technology needed to ensure effective service provision to adolescents.

**मापदण्ड ५ :** स्वास्थ्य संस्था सेवाग्राहीको लागि उपयुक्त समयमा खोल्ने, स्वच्छ, सफा र सेवा दिंदा बाहिर वाट नदेखिने तथा नसुन्ने व्यवस्था गरेको छ । किशोरकिशोरीहरूलाई प्रभावकारी सेवा सुनिश्चित गर्न सेवा सम्बन्धि आवश्यक औषधी, औजार, प्रविधिहरू आवश्यकता अनुसार उपलब्ध छ । can we add IEC corner?

क्षेत्रः समता कायम रहेको र भेदभाव विहिन **(Equity and nondiscrimination)**
=========================

**Standard 6.** The health facility provides quality services to all adolescents irrespective of their ability to pay, age, sex, marital status, education level, ethnic origin, sexual orientation or other characteristics.

**मापदण्ड ६ :** स्वास्थ्य संस्थाले कुनै पनि किशोरकिशोरीहरूलाई शुल्क तिर्न सक्ने वा नसक्ने, उमेर, लिङ्ग, वैवाहिक, अवस्था, शिक्षा, जाती, यौन पहिचान वा अरु कुनै पनि आधारमा हुने कुनै पनि भेदभाव विना गुणस्तरिय सेवा प्रदानगर्नेछ।

क्षेत्रः डाटा र गुणस्तर सुधार **(Data and quality improvement)**
========================

**Standard 7.** The health facility collects, analyses and uses data on service utilization and quality of care, disaggregated by age and sex, to support quality improvement. Health facility staff is supported to participate in continuous quality improvement.

**मापदण्ड ७ :** स्वास्थ्य संस्थाले उमेर, लिङ्ग आदिको आधारमा सेवाको डाटा र सूचनाहरू संकलन गरि सेवाको प्रयोग, गुणस्तरिय हेरचाह सम्बन्धि विश्लेषण गर्छ । विश्लेषणवाट प्राप्त सूचनाको आधारमा गुणस्तर सुधार गर्ने गर्दछ । स्वास्थ्यकर्मीहरूले पनि गुणस्तर सुधारमा निरन्तर सहयोग।

क्षेत्रः सकिशोरकिशोरीको सहभागीता **(Adolescents' participation)**

=====================
**Standard 8**. Adolescents are involved in the planning, monitoring and evaluation of health services and in decisions regarding their own care, as well as in certain appropriate aspects of service provision.


**मापदण्ड ८ :** गुणस्तरिय सेवाको योजना, अनुगमन र मूल्याङ्कन तथा आफ्नो स्वास्थ्यमा निर्णय गर्ने र अन्य सम्बन्धित विषयमा किशोरकिशोरीहरूको सहभागिता हुनेछ रहेको।

## परिच्छेद–३ संस्थागत संरचना

=================================

### किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा गुणस्तर प्रमाणिकरणको लागि संस्थागत संरचनाहरू

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा गुणस्तर प्रमाणिकरण गर्नका लागि संघ, प्रदेश र स्थानीय तहमा समितिहरू गठन गर्ने प्रावधान गरिएको छ। समितिहरूको गठन र यसको कार्य विवरण निम्नानुसार छन ।




प्रजनन् स्वास्थ्य समन्वय समितिको सदस्य सचिवको अध्यक्षतामा संघीय तहमा किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति गठन हुनेछ। त्यसै गरी प्रदेश तथा स्थानीय तहमा पनि किशोरकिशोरी मैत्री सेवा संचालन तथा  प्रमाणिकरण उप समिति गठन गरिने छ। संघ, प्रदेश र स्थानीय तहमा गठित उप समितिहरूले किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालनका लागि आवश्यक कार्यहरू गर्नेछ । साथै, तत उप समितिका सदस्य सचिवको अध्यक्षतामा गुणस्तर सुधार, प्रमाणिकरण

अनुगमन टोली बन्ने छ जसले प्रमाणिकरणको प्रक्रिया पूरा गरी स्वीकृतिको लागि उपसमिति समक्ष पेश गर्ने छन् ।

१. संघीय : किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति

| सि नं | संस्थाको पद | संस्था | पदाधिकारी |
|---|---|---|---|
| १ | निर्देशक | पीरवार कल्याण महाशाखा, स्वा.से.वि. | अध्यक्ष |
| २ | सम्वन्धित शाखा प्रमुख | परिवार कल्याण महाशाखा | सदस्य सचिव |
| ३ | मातृ तथा नवजात शिशु शाखा प्रमुख | परिवार कल्याण महाशाखा | सदस्य |
| ४ | संम्वन्धित शाखा प्रमुख | रा स्वा शि तथा सु सं केन्द | सदस्य |
| ५ | संम्वन्धित शाखा प्रमुख | रा स्वा ता के | सदस्य |
| ६ | किशोर किशोरी तथा यूवाको क्षत्रमा कार्य गर्ने विकास साझेदारी सस्थाहरूवाट एक | विकास साझेदारी संस्थावाट | सदस्य |
| ७ | किशोरकिशोरी तथा यूवाको क्षत्रमा कार्य गर्ने गै स स वाट समितिले मनोनयन गरेको एक | गै स स | सदस्य |
| | किशोर किशोरी (network) | | |

**द्रष्टव्य:** आमन्त्रित सदस्यहरू समितिले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।

## उपसमितिले गर्नु पर्ने कार्यहरू

✓ किशोरकिशोरी मैत्रीस्वास्थ्य सम्बन्धी राष्ट्रिय तहमा नीति निर्माण गन सहयोग गर्ने।

- ✓ किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी राष्ट्रिय तहमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गन सहयोग गर्ने ।
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न संघीय तह मातहतमा तोकिएको अभिमुखीकरण कार्यक्रम गर्ने गराउने
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवामा सेवा प्रदायकको क्षमता अभिवृद्धि गर्ने ।
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा बिस्तार तथा बाह्य प्रमाणिकरणका लागि सदस्य सचिवको अध्यक्षतामा प्राविधिक सहित (किशोरकिशोरी मैत्री स्वास्थ्यमा दक्षता भएको) को अनुगमन टोली गठन गर्ने ।
- ✓ किशोरकिशोरी मैत्री सेवामा आवश्यक सूचना, शिक्षा तथा संचार सामाग्रीको प्रबर्द्धन गर्ने ।
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न प्रक्रिया पुगेका संघीय तहका सरकारी र गैरसरकारी तथा निजी संस्थाहरूलाई अनुमति दिने ।
- ✓ आवश्यकता अनुसार प्रदेश र स्थानीयवाट किशोरकिशोरी मैत्री सेवा संचालनका लागि प्राविधिक सहजीकरण प्रदान गर्ने ।

### २. प्रदेश : किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति

| सि नं | संस्थाको पद | संस्था | पदाधिकारी |
|---|---|---|---|
| १ | निर्देशक | प्रदेश स्वास्थ्य निर्देशनालय | अध्यक्ष |
| २ | सम्वन्धित शाखा प्रमुख | प्रदेश स्वस्थ्य निर्देशनालय | सदस्य सचीव |
| ३ | सम्वन्धित शाखा प्रमुख | सामाजिक विकास मन्त्रालय वा स्वास्थ्य हेर्ने मन्त्रालय | सदस्य |
| ४ | सम्वन्धित शाखा प्रमुख | प्रदेश स्वा ता के | सदस्य |
| ५ | किशोरकिशोरी तथा यूवाको क्षेत्रमा कार्य गर्ने गै स स वाट समितिले मनोनयन गरेको एक जना | गै स स | सदस्य |

द्रष्टव्य : आमन्त्रित सदस्यहरू तथा अन्य सदस्यहरू समितिले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।

**उपसमितिले गर्नु पर्ने कार्यहरू**

- ✓ किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी राष्ट्रिय मापदण्डलाई अनुकूलन गर्दै प्रदेशस्तरीय नीति निमार्ण गर्ने सहयोग गर्ने ।
- ✓ किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न प्रदेश मातहतमा तोकिएको अभिमूखीकरण कार्यक्रम गर्ने गराउने । साथै कार्यक्रमको लागि प्रदेश स्तरमा आवश्यक पैरवी गर्ने ।
- ✓ स्वास्थ्यकर्मि को लागि किशोरकिशोरी मैत्री सेवाको तालिम तथा दक्षता अभिवृद्धि गर्ने ।
- ✓ प्रदेश मातहतका स्वास्थ्य संस्थाहरूको बाह्य प्रमाणिकरण अनुगमणका लागि सदस्य सचिवको अध्यक्षतामा प्राविधिक सहित (किशोरकिशोरी मैत्री स्वास्थ्यमा दक्षता भएको) को अनुगमन टोली गठन गर्ने ।
- ✓ किशोर किशोरी मैत्री सेवा सञ्चालन गर्न प्रक्रिया पुगेका सरकारी र गैरसरकारी तथा निजी संस्थाहरूलाई अनुमति दिने ।
- ✓ स्थानिय र संघिय तहसँग किशोरकिशोरी मैत्री सेवा संचालनको लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

### ३. स्थानीय : किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन तथा प्रमाणिकरण उप समिति

| सि नं | संस्थाको पद | संस्था | पदाधिकारी |
|---|---|---|---|
| १ | अध्यक्ष | स्थानीय तह | अध्यक्ष |

| | | | |
|---|---|---|---|
| २ | प्रशासकिय अधिकृत | स्थानीय तह | उपाध्यक्ष |
| ३ | सम्वन्धित शाखा प्रमुख | स्थानीय तह | सदस्य सचीव |
| ४ | शाखा प्रमुख शिक्षा | स्थानीय तह | सदस्य |
| ५ | शाखा प्रमुख महिला विकास | स्थानीय तह | सदस्य |
| ६ | किशोरकिशोरी तथा यूवाको क्षेत्रमा कार्य गर्ने गै स स वाट समितिले मनोनयन गरेको एक जना | गै स स | सदस्य |
| ७ | किशोरकिशोरी प्रतिनिधी एक जना | स्थानीय तहमा सक्रिय | सदस्य |

द्रष्टब्य : आमन्त्रित सदस्यहरू तथा अन्य सदस्यहरू समितिले आवश्यकता अनुसार थप गर्न सक्नेछ ।

**समितिले गर्नुपर्ने कार्यहरू**

- ✓ किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी मापदण्ड कार्यान्वयनको लागि कार्य योजना बनाई सञ्चालन गर्न नीतिगत निर्णय गर्ने ।
- ✓ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न स्थानिय मातहतमा तोकिएको अभिमुखीकरण कार्यक्रम गर्ने गराउने ।
- ✓ बाह्य प्रमाणिकरणको लागि सदस्य सचिवको अध्यक्षतामा प्राविधिक सहित किशोरकिशोरी मैत्री स्वास्थ्यमा दक्षता भएको) को अनुगमन टोली गठन गर्ने ।
- ✓ संस्थाले पेश गरेको गुणस्तर अभिवृद्धि समितिले स्वमूल्याङ्कन गरेको अवस्था र कार्य योजना हेरी अनुगमन टोलीले सम्वन्धित संस्थामा गई कार्यक्रम संचालन तथा प्रमाणिकरणको प्रक्रिया पुरा न/भएको एकिन गर्ने ।
- ✓ किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न प्रक्रिया पुगेका स्थानीय तह अन्तर्गत सरकारी र गैरसरकारी तथा निजी संस्थाहरूलाई अनुमति दिने ।
- ✓ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको लागि आवश्यक परेमा माथि उल्लेखित सम्पूर्ण वा निश्चित कार्यका लागि थप समिति तोक्ने अधिकार रहनेछ ।

## परिच्छेद– ४ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन प्रकृया

किशोर किशोरी मैत्री सेवा संचालन गर्दा स्वास्थ्य संस्था (सरकारी तथा निजी) ले यस निर्देशिकामा उल्लेख भएको मापदण्डहरु पुरा गरी किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्न  निम्नानुसारका प्रकृयाहरु अवलम्बन गर्नु पर्नेछ ।

१.किशोरकिशोरी मैत्री सेवा संचालनका लागि स्वास्थ्य संस्थाको छनौट गर्नुपर्ने छ ।

२. छनौट गरिएका स्वास्थ्य संस्थामा निम्नानुसार तयारी गर्नुपर्ने छ ।

क. स्वास्थ्यकर्मीको उपलब्धता : किशोरकिशोरी मैत्री सेवाको जानकारी प्राप्त, सम्बन्धित केन्द्रले प्रदान गर्ने सेवामा प्राविधिक सिपयुक्त तथा किशोरकिशोरी मैत्री संचार सिप भएको स्वास्थ्यकर्मीको व्यवस्था हुनु पर्ने । किशोरकिशोरी प्रजनन स्वास्थ्य तालीम प्राप्त स्वास्थ्यकर्मी

ख. भौतिक पुर्वाधार : सेवा तथा सेवा सम्बन्धि सामाग्री ( ASRH IEC corner ), उपकरणहरूको उपलब्धता, किशोरकिशोरी तथा युवाहरूको उपस्थिती तथा सेवा लिनमा सहजता र गोप्यता भएको स्थानको सुनिश्चित गर्ने ।

ग. सरोकारवालाहरूलाई कार्यक्रमको जानकारी : किशोरकिशोरी मैत्री स्वास्थ्य  सेवासँग प्रत्यक्ष सरोकारवालाहरू जस्तै स्वास्थ्य संस्थाका सम्पूर्ण जनशक्ति, स्वास्थ्य संस्था व्यवस्थापन वा संचालन समिति, स्थानिय विद्यालय, महिला स्वास्थ्य समुह, किशोरकिशोरी समुहसँग अन्तरकृया र  किशोरकिशोरी मैत्री सेवाको जानकारी प्रदान गरि सहयोगका लागि तयार रहेको सुनिश्चित गर्ने ।

३.  किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्दा तल दिइएका सम्बन्धित सरोकारवालाहरुलाई  विभिन्न तहमा अभिमुखीकरण कार्यक्रमसंचालन गर्नु पर्नेछ ।

क. स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको व्यवस्थापन समिति तथा तथा निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको हकमा व्यवस्थापन/संचालन समिति
ख. सरोकारवाला संघसंस्था, जनप्रतिनिधि, शिक्षक र शिक्षिका
ग. सेवा प्रदायक तथा सम्बन्धित स्वास्थ्य संस्थाका अन्य कर्मचारी
घ. समुदाय स्तरः आमा समूह, समुदायिक महिला स्वास्थ्य स्वयंसेविका, किशोरकिशोरी समुह आदि

४. समन्वयात्मक कृयाकलाप

छनौट भएका स्वास्थ्य संस्थावाट किशारकिशोरी मैत्री स्वास्थ्य सेवा प्रदायक छनौट गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र वा सम्बन्धित प्रदेश तालिम केन्द्रबाट स्वीकृत भएका स्वास्थ्य संस्थाहरुमा किशोरकिशोरी मैत्री तालिममा सहभागी गराउन सम्बन्धित प्रादेशसंग  समन्वय गर्ने ।

५. अनुगमन, मुल्यांङ्कन, प्रमाणिकरण तथा निरन्तरता

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन पश्चायत उपरोक्त स्वास्थ्य संस्थामा एक समिति बनाईत्रैमासिक रुपमा अनुसूचि एकमा उल्लेख गरिए अनुसार स्वमूल्याङ्कन गर्नु पर्दछ । स्वमूल्याङ्कन को आधारमा सुधार गर्नु पर्ने पक्षलाई कार्ययोजना बनाई कार्यान्वयन गर्ने । स्व मूल्याङ्कनको अंक ८० प्रतिशत वा सो भन्दा बढि आएको खण्डमा सम्बन्धित उपसमितिसँग समन्वय गरी प्रमाणिकरण प्रकृया अगाडी बढाउने । प्रमाणिकरण पश्चात् पनि स्वास्थ्य संस्थाको गुणस्तरिय सेवा निरन्तरताको सुनिश्चितता सम्बन्धित स्थानीय तह/स्वास्थ्य समिति वा सामाजिक समितिले नियमित अनुगमन गर्नुपर्दछ । सेवाको अनुगमन, मुल्यांकन तथा निरन्तरताका लागि वडा समितिले पनि कार्य गर्न सक्दछ । किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाले प्रमाणिकरण पश्चात् पनि प्रत्येक वर्ष कम्तिमा एकपल्ट स्वा मूल्याङ्कनलाई निरन्तरता दिनु पर्दछ । स्थानिय तहको वार्षिक स्वास्थ्य समिक्षा वैठकमा प्रमाणिकरण भई सकेका स्वास्थ्य संस्थाको स्वा मूल्याङ्कनको आधारमा किशोर किशोरी मैत्री सेवाको अवस्था र प्रगतिको समिक्षा अनिवार्य रुपमा गर्नु पर्दछ ।

## परिच्छेद– ५ सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन

किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको सुपरिवेक्षण र अनुगमन उपसमितिहरू तथा यस कार्यक्रमसँग सम्बन्धित संस्थाका सम्बन्धित व्यक्तिहरूले गर्न सक्ने छन् ।

## किशोरकिशोरि स्वास्थ्य कार्यक्रम अनुगमन, सुपरिबेक्षण चेकलिष्ट

| | |
|---|---|
| अनुगमन ⁄ सुपरिबेक्षकको नामः ................................. | अनुगमन ⁄ सुपरिबेक्षण गरिएको स्वास्थ्य संस्थाः ................................... |
| अनुगमन ⁄ सुपरिबेक्षण गरिएको मिति................................. | अनुगमन ⁄ सुपरिबेक्षको कार्यालयः.......................... |

उपयुक्त कोठामा आवश्यक बिबरण भर्नुहोस् र आवश्यक कैफियत लेख्नुहोस् ।

| सि.नं | सेवाहरु | तीन बर्षको तथ्याङ्क | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | गत आ.व. भन्दा अघिल्लो बर्ष | गत आ.व | चालु आ.व | |
| १. | प.नि. साधन लिने किशोरकिशोरीको संख्या (पिल्स, डिपो, ईम्प्लान्ट, आई.यु.सि.डी)ECP | | | | |
| २. | किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थय परामर्श सेवा लिइका किशोरकिशोरीको संख्या | | | | |
| ३. | १०-१९ बर्षका जम्मा (नयाँ ⁄ पुराना) सेवाग्राहीको संख्या | | | | |
| ४. | १०-१९ बर्षका रेफर गरिएका सेवाग्राहीको संख्या | | | | |

उपयुक्त कोठामा (✓) चिन्ह लगाउनु होस् वा आवश्यक बिबरण भर्नुहोस् र आवश्यक कैफियत लेख्नुहोस्।

| सि.नं | सुपरिबेक्षणका सूचकहरू | **छ** | **छैन** | **कैफियत** |
|---|---|---|---|---|
| १. | किशोरकिशोरिको लागि उपलब्ध सेवा, सेवा मुल्यको आदि बारेमा जानकारि नागरिक वडापत्रमा उल्लेख गरिएको छ । | | | |
| २. | सेवाग्राहिको लागि मैत्रिपूर्ण सेवा उपलब्ध भएको जानकारी दिने चिन्ह (ब्वँ यिनय) उपयुक्त तरिकाले लगाईएको छ । | | | |
| ३. | किशोरकिशोरीले सेवा लिई सकेपछि सो सेवाको अभिलेखिकरण सम्बन्धित सेवा रजिष्टरमा गरि DHIS2 मा प्रबिष्ट गरिएको छ । | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. | सेवाग्राहिलाई परामर्श, सेवा दिँदा कसैले सुन्न र देख्न नसक्ने गरि गोपनियताको ब्यबस्था गरिएको छ । | | | |
| ५. | सेवाग्राहिहरूको पालो पर्खने ठाउँमा किशोरकिशोरि सम्बन्धी सूचना,शिक्षा तथा सञ्चारका सामाग्रीहरू प्रदर्शन गरिएको छ । | | | |
| ६. | किशोरकिशोरीसम्बन्धि तालिम पाएका स्वास्थ्यकर्मि उपलब्ध छन् र स्वास्थ्य सेवा सम्बन्धि अभिमुखिकरण स्वास्थ्य संस्थाका सबै कर्मचारीले पाएका छन् । | | | |
| ७. | किशोरकिशोरि कार्यक्रमको स्वमुल्याङ्कन गरि सोको नतिजा स्वास्थ्य संस्थामा टाँसिएको छ । | | | |
| ८. | स्वास्थ्य संस्थामा किशोरकिशोरिमैत्री स्वास्थ्य सेवा सुदृढ गर्न कार्ययोजना बनेको छ । | | | |
| ९. | स्वास्थ्य संस्थामा किशोरकिशोरि स्वास्थ्यलाई सुदृढ गर्न, समुदायमा सेवा जानकारी प्रदान गर्न पालिका स्तरबाटै बजेटको ब्यबस्था गरेको छ । | | | |
| १०. | किशोरकिशोरिलाई स्वास्थ्य संस्था ब्यबस्थापन समितिमा आमन्त्रित सदस्यको रुपमा निम्त्याईने गरिएको छ । | | | |

सुपरिवेक्षण र अनुगमनकर्ताले निम्नाअनुसारका भरिएका फारमहरु तथा दस्तावेजहरु को अवलोकन गर्नु पर्ने छ सो आधारमा पृष्ठपोषण दिनेछन् ।

- त्रैमासिकरुपमा स्व मूल्याङ्कन गरेको फारमहरु ।
- प्रमाणिकरण टोलिले प्रमाणिकरणको सिफारिस (गरेको छ भने )
- कार्ययोजना बनाएको तथा देखिने गरी राखेको ।
- प्रमाणिकरण कार्य अगाडी बढाएको पत्र ।

स्थानीय तहमा बनेको उप समितिले किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन गरेको स्वास्थ्य संस्थाको सुपरिवेक्षण, अनुगमन तथा आवश्यक सहयोगहरू गर्ने । प्रमाणिकरण टोलिले प्रमाणिकरणको सिफारिस वा गुणस्तर सुधार गर्न सहजीकरण गर्ने छ । प्रमाणिकरणको लागि अनुसूची १ मा दिइएको चेक लिस्ट प्रयोग गर्नुपर्नेछ ।

सम्वन्धित स्वास्थ्य संस्थाले एउटा टोली गठन गरि स्वास्थ्य संस्थाको स्वमूल्याङ्कन निरन्तर रुपमा गर्नेछ । उक्त टोलीले प्रमाणिकरणका लागि गुणस्तर सुधार कार्ययोजना वनाई कार्यान्वयन गर्नुको साथै सम्वन्धित निकायमा प्रमाणिकरणको लागि स्व मूल्याङ्कनको प्राप्त अंक सहित निवेदन पठाउनु पर्नेछ ।

## परिच्छेद– ६

## क किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा प्रमाणिकरण गर्ने निकायहरू

| सि नं | स्वास्थ्य संस्था | प्रमाणिकरण गर्ने तह | प्रकृयाहरू |
|---|---|---|---|
| १ .१ | समुदाय स्वास्थ्य इकाई, शहरी स्वास्थ्य क्लिनिक, स्वास्थ्य चौकी, प्रा. स्वा. के, स्थानीय अस्पतालहरू | स्थानीय स्तर किशोर किशोरी मैत्री सेवा संचालन तथा प्रमाणिकरण उप समिति | • स्वास्थ्य संस्थामा रहेका टोलीले स्व मूल्याङ्कन गरी मूल्याङ्कनको अवस्था र कार्य योजना सहित अनुगमनको लागि माग गरी उप समिति समक्ष पेश गर्ने ।<br>• अनुगमन टोलीले स्वास्थ्य संस्थामा गै अनुसूचीमा दिइएका सूचकको आधारमा मूल्याङ्कन गरी प्रक्रिया पुगेका संस्थाहरूको निर्णयार्थ उप समितिमा पेश गर्ने ।<br>• प्रक्रिया नपुगेका संस्थाहरूको लागि कार्य योजना बनाउन लगाउने<br>• उप समितिले प्रक्रिया पुगेका संस्थाहरूलाई स्वीकृत गर्ने । |
| १.२ | स्थानीय तहमा रहेका गैर सरकारी तथा निजी स्वास्थ्य संस्थाहरू र अस्पताल | स्थानीय स्तर : किशोर किशोरी मैत्री सेवा संचालन तथा प्रमाणिकरण उप समिति | माथि १.१ जस्तै |
| २.१ | प्रदेश अन्तरगतका प्रदेश अस्पतालहरू, जिल्ला अस्पतालहरू अन्य सरकारी स्वास्थ्य संस्थाहरू | प्रदेश स्तर किशोर किशोरी मैत्री सेवा संचालन तथा प्रमाणिकरण उप समिति | • स्वास्थ्य संस्थामा रहेका टोलीले स्वमूल्याङ्कन गरी मूल्याङ्कनको अवस्था र कार्य योजना सहित अनुगमनको लागि माग गरी उप समिति समक्ष पेश गर्ने ।<br>• अनुगमन समिति स्वास्थ्य संस्थामा गई अनुसूचीमा दिइएका सूचकको आधारमा मूल्याङ्कन गरी प्रक्रिया पुगेका संस्थाहरूको निर्णयार्थ उपसमितिमा पेश गर्ने ।<br>• प्रक्रिया नपुगेका संस्थाहरूको लागि कार्य योजना बनाउन लगाउने<br>• उप समितिले प्रक्रिया पुगेका संस्थाहरूको स्वीकृत गर्ने |
| २.२ | प्रदेश अन्तर्गतका गैर सरकारी तथा | प्रदेश स्तर : किशोर किशोरी मैत्री सेवा | माथि २.१ जस्तै |

| | | | |
|---|---|---|---|
| | निजी अस्पताल अन्य गैर सरकारी सेवा प्रदाय स्वास्थ्य संस्थाहरू | संचालन तथा प्रमाणिकरण उप समिति | |
| ३.१ | संघ अन्तर्गतका संघीय अस्पतालहरू, सरकारी मेडिकल कलेजहरू र अन्य स्वास्थ्य सेवा प्रदाय संस्थाहरू | संघिय स्तरमा किशोर किशोरी मैत्री सेवा संचालन तथा प्रमाणिकरण उप समिति | • स्वास्थ्य संस्थामा रहेका टोलीले स्वमूल्याङ्कन गरी मूल्याङ्कनको अवस्था र कार्य योजना सहित अनुगमनको लागि माग गरी उपसमिति समक्ष पेश गर्ने ।<br>• अनुगमन टोली स्वास्थ्य संस्थामा गई अनुसूचीमा दिइएका सूचकको आधारमा मूल्याङ्कन गरी प्रक्रिया पुगेका संस्थाहरूको निर्णयार्थ उपसमितिमा पेश गर्ने ।<br>• प्रक्रिया नपुगेका संस्थाहरूको लागि कार्य योजना बनाउन लगाउने<br>• उप समितिले प्रक्रिया पुगेका संस्थाहरूको स्वीकृत गर्ने |
| ३.२ | संघ अन्तर्गतका गैरसरकारी तथा निजी अस्पतालहरू, निजी मेडिकल कलेजहरू र अन्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरू | संघीय स्तरमा किशोर किशोरी मैत्री सेवा संचालन तथा प्रमाणिकरण उप समिति | माथि ३.१ जस्तै |

## परिच्छेद– ७ किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाको गुणस्तर प्रमाणिकरण प्रक्रिया (Process of Certification)

**उपसमिती**

**कार्यक्रमको योजना, सुपरिवेक्षण र अनुगमन**

१. कार्यक्रम तथा बजेत व्यवस्थापन
२. प्रमाणिकरण निबेदन अद्ययन
३. प्रमाणिकरण अनुगमन टोली गठन तथा निर्देशन
४. प्रक्रिया पुगेका संस्थाहरूलाई प्रमाणपत्र प्रदान

**प्रमाणिकरण टोली**

**प्रमाणिकरण अनुगमन, मुल्याङ्कन र सिफारिस**

१. स्वास्थ्य संस्थाको दस्ताबेजको अध्ययन
२. स्वास्थ्य संस्थालाई पूर्ब जानकारी सहित प्रमाणिकरण अनुगमन
३. व्यवस्थापन समिति सदस्य तथा स्वास्थ्यकमीको उपस्थितीमा स्वास्थ्य संस्थाको अवलोकन
४. स्वास्थ्यकमीको अन्तरवार्ता र परामर्श प्रदर्शनीको निरीक्षण
५. व्यवस्थापन समिति सदस्यसँग अन्तरवार्ता
६. किशोरकिशोरीसँग अन्तरवार्ता
७. प्रमाणिकरणको अङ्क तथा स्वास्थ्य संस्थाको स्तर निर्धारण
८. वा गुणस्तर सुधार कार्ययोजना सहित पुन भ्रमणको समय निर्धारण
९. अनुसूचीमा दिइएका सूचकको आधारमा मुल्याङ्कन गरी प्रक्रिया पुगेका संस्थाहरूको निर्णयार्थ उप समितिमा पेश गर्ने

**स्वास्थ्य संस्था**

**कार्यक्रम कार्यान्वयन**

१. प्रमाणिकरण स्व मुल्याङ्कन
२. प्रमाणिकरण स्व मुल्याङ्कन दस्ताबेज सहित सम्बन्धित उप समितीमा प्रमाणिकरण अनुगमन निवेदन
३. प्रमाणिकरण अनुगमन टोलीलाई सहयोग र प्राप्त निर्देशनको पालना
४. गुणस्तर सुदृढ र कायम रहन आवश्यक कार्यको कार्यान्वयन

## परिच्छेद– ८ अङ्क दिने र स्तर निर्धारण गर्ने तरिकाहरू (Scoring and Determination of Status)

क. स्वास्थ्य संस्थाको मूल्याङ्कन प्रक्रियामा निम्नाअनुसार अङ्क दिने र स्तर निर्धारण गर्ने तरिकाहरू अवलम्बन गर्नुपर्ने छ । अनुगमनका बेलामा यदि एउटा प्रमाणिकरणको आधारका सबै सूचकहरूले छ वा हो (Yes=Y) भन्ने जवाफ पाएको अवस्थामा १ अङ्क प्राप्त हुन्छ र यदि एउटा आधारका अनुगमन सूचकहरू मध्ये कुनै एक सूचकमा मात्र पनि छैन (No=N) भन्नेजवाफ आएकोछ भने त्यस्तो अवस्थामा अरूमा छ वा हो (Yes=Y) भन्ने जवाफ आएको रहेछ भनेता पनि अंक ० पाउँदछ। यस निर्देशिकाले विशेष सेवा प्रदान गर्ने जस्तै परिवार योजना, सुरक्षित गर्भपतन, मानसिक स्वास्थ्य तथा परामर्श सेवा मात्र प्रदान गर्दछन । यस्तो अवस्थामा अनुगमन र अवलोकन गर्दा असम्बन्धित विषयहरूमा लागु नहुने (NA) लेख्नु पर्ने छ र यस्तो लेखिएता पनि त्यस आधारले पाउने प्रप्त अंकमा भन्ने कुनै असर हुने छैन ।

ख.किशोरकिशोरी मैत्री सेवाको प्रमाणिकरण गर्नका लागि तोकिएका क्षेत्रहरूको अंक प्रतिशतमा हुनेछ । यसका लागि प्रमाणिकरण प्रकृया पुरा भएका आधारहरूको अंक वाट प्रतिशत निकाल्नु पर्ने छ। अर्थात १ अंक पाउने प्रमाणिकरण आधारहरूलाई जोडेर त्यसका आधारमा हुन आउने प्रतिशत नै उक्त प्रमाणिकरण क्षेत्रको अंक हुनेछ। सबै क्षेत्रहरूको प्रतिशत नै उक्त स्वास्थ्य संस्थाले प्राप्त गरेको अंक हुनेछ। यसरी अंक जोडिंदा प्राप्त प्रतिशत ८० वा सो भन्दा माथी आएमा प्रमाणिकरणका लागि योग्य हुन्छ। स्वास्थ्य संस्थाको टोलीले स्व मूल्याङ्कन पश्चात सो संस्था प्रमाणिकरणका लागि योग्य देखेमा सम्बन्धित उपसमितीमा प्रमाणिकरण अनुगमनका लागि स्वःमूल्याङ्कनको दस्तावेज सहित निवेदन दिनु पर्नेछ। बाह्य प्रमाणिकरण अनुगमण टोलिले पनि यसरी नै क्षेत्र र आधारहरूको सूचकको अंक भरि प्राप्त प्रतिशत ८० वा सो भन्दा माथी आएमा प्रमाणिकरण प्रमाण पत्रका लागि योग्य मानि निर्णयार्थ उप समितिमा पेश गर्ने। ततपश्चायत उप समितिले उक्त स्वास्थ्य संस्थालाई यथासिघ्र प्रमाणिकरण प्रमाण पत्र उपलब्ध गराउनु पर्दछ। प्रमाणिकरणका लागि किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सुरु भएको कम्तिमा ६ महिना पछि अनुगमन गरिनेछ। तर स्वास्थ्य संस्थाहरूले गुणस्तर अभिवृद्धीका लागि भने सेवाको नियमित अनुगमन गरिएको हुनु पर्ने छ।

ग. प्रत्येक क्षेत्र भित्रको हरेक आधारका सुचकहरूलाई सँगैको १ देखी ४ (त्रैमासिकसमयको लागि यौटा ‘column’) सम्मको ‘column’ मा रहेको बक्समा स्कोर गर्नु पर्दछ र सम्बन्धित ‘column’ को माथिल्लो भागमा मूल्याङ्कन गरेको मिति लेखेको निश्चित गर्नु पर्दछ। त्यसै गरी वाह्य मूल्याङ्कनको लागि समेत संगैको ५ देखी ६ सम्मको (पहिलो अनुगमण तथा आवश्यकता हेरि दोस्रो अनुगमणका लागि)‘column’ मा रहेको बक्समा स्कोर गर्नु पर्दछ र सम्बन्धित ‘column’ को माथिल्लो भागमा मूल्याङ्गन गरेको मिति लेखेको निश्चित गर्नु पर्दछ।

घ. प्रमाणिकरणका आधारहरुको स्कोरीङ्ग गर्नु पर्ने कुनै पनि खण्ड/ठाउँ खाली छोड्नु हुँदैन। यदि कुनै कुरा अवलोकन गरिएको छैन भने सारासंमा समस्याहरु तथा यसका सम्भावित कारणहरुबारे टिप्पणी (comment) लेख्न छुट्टाएको ठाउँमा लेख्नुपर्दछ।

ङ. सामाग्रीको अन्त्यमा दिईएको एउटा सानो फाराम वा टेबुल सबै प्रमाणिकरण क्षेत्रहरूको नतिजा सहित प्रतिशत निकाल्न प्रयोग गरिन्छ। जसका लागि सबै क्षेत्रका (यस सामाग्रीमा तिन वटा क्षेत्र राखेको छ १. सेवाको तयारी/व्यवस्थापन २. सेवा, स्वास्थ्यकर्मीको क्षमता तथा सेवाको पहुँच र ३. समुदायमा सेवाको जानकारी, सेवा सम्बन्धि तथ्याँक तथा सेवाको दिगोपन) जम्मा आाधार संख्यालाई समय तालिकासँग मिल्ने बाकसमा लेख्ने। त्यसको तल मुल्यांङ्कनका आधारहरू वाट प्राप्त अंकलाई राख्ने र तल दिइएको अनुसार प्रतिशत निकाल्ने।

## प्रतिशत निकाल्ने तरिका :

**मुल्याङ्कनका आधारवाट प्राप्त अंकको प्रतिशत = [मूल्याङ्कनका आधारहरू वाट प्राप्त अंक/मूल्याङ्कनका जम्मा आधारहरूको संख्या]** ×१००

## परिच्छेद.९ गुणस्तर सुधार कार्य योजना बनाउने तरिका

स्वः मूल्याङ्कन गर्दा ८० प्रतिशत प्राप्त भएन भने अनुसुचि ४ मा दिइएको कार्य योजना फारम प्रयोग गरी कार्ययोजना वनाई गुणस्तर अभिवृद्धी गर्नुपर्ने छ । यसको लागि निम्नाअनुसार कार्यहरु गर्नु पर्ने हुन्छ ।

१ मापदण्ड पुरा नभएको पत्ता लगाई कार्य योजनाको पहिलो महलमा **मापदण्ड वा क्षेत्र** लेख्ने । यसमा कुन क्षेत्र पुरा हुन नसकेको सो कुरा लेख्नु पर्ने छ ।

२ दोस्रो महलमा पुराहुन नसकेका **प्रमाणीकरणका आधार** लेख्ने ।

३ तेस्रो महलमा पुरा किन हुन सकेन भनेर **कारणहरु लेख्नु पर्ने** हुन्छ जस्तै तालिम प्राप्त जनशक्तिक्ति नभएर, समाग्रीको अभाव, भौतिक संरचनाको अभाव ,किशोरकिशोरीको लागि उपयुक्त समय नहुनु आदी

४ चौथो महलमा सम्भावित **समाधानका कृयाकलापहरु** उल्लेख गर्नु होला जस्तै

- ✓ एक जना पुरुष एक जना महिला स्वास्थ्य कर्मिलाई तालिम दिने
- ✓ किशोरकिशोरी सेवाको लागि चाहिने जवएड, तौल लिने मिसिन, स्यानिटरी प्याड, उपलव्ध गराउने
- ✓ गोपनीयता कायम गर्ने गरी कोठाको व्यवस्था गर्ने
- ✓ विद्यालय समय वाहेक अन्य समयमा किशोर किशोरीको लागि सेवा दिने समय मिलाउने ।

५ पाँचौ महलमा **जिम्मेवारी लेख्नु** पर्दछ । तालिमको सन्दर्भमा तालिम संचालन गर्ने संस्थामा अनुरोध गरी पठाउने यो कार्य स्वास्थ्य सस्था प्रमुखको सिफरिसमा स्थानीय तह वा प्रदेशले सम्वन्धित निकायमा पठाउने छ । स्थानीय स्वास्थ्य सस्थामा भएको सामाग्री व्यवस्थापन र माग गर्ने जिम्मा स्वास्थ्य संस्था प्रमुखको हुन्छ भने खरिदको जिम्मेवारी स्थानीय तहको हुन सक्दछ । यस महलमा व्यक्ति र संस्था किटान गनु पर्ने छ ।

६ यस महलमा कार्य सम्पन्न हुने **मिति** लेख्ने छ । कार्य संपन्न गर्दा के प्रकृया पुरा गनु पर्ने हुन्छ सो प्रकृया पुरा गर्दा लाग्ने समयलाई विचार गरेर मात्र सम्पन्न हुने मिति लेख्नु पर्ने छ ।

७ यसमा **गुर्णस्तर अभिवृद्धीको अवस्था थाहापाई** आन्तरिक रुपमा स्वः मुल्याङ्कन गर्दा पाइएको नतिजालाई यहा लेख्नु पर्ने छा ।

कार्ययोजना तयार भैसके पछि आफनो संस्थामा राख्ने, एक प्रति सम्वन्धित व्यवस्थापन समितिलाइ लाई उपलव्ध गराउने र अर्को एक प्रति सम्वन्धित उप समिति समक्ष पेश गर्ने । स्वास्थ्य संस्था प्रमाणीकरण भएको छ भने सोहि संस्थाको गुणस्तर अभिवृद्धी टोलिले वार्षिकरुपमा स्वःमुल्यांकन गनु पर्दछ भने यदि सेवा प्रमाणीकरण हुन वाँकी छ भने कार्ययोजना लाई कार्यान्वयन गर्न चौमासिक रुपमा मुल्यांकनका आधारहरु पुरा गर्दै जानु पर्दछ

## परिच्छेद १० : विविध

१. किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा संचालन गर्ने सरकारी, गैर सरकारी तथा निजी सस्थाहरूले यस निर्देशिकामा भएको मापदण्डलाई अनुसरण गनु पर्नेछ । यस भन्दा अगाडी स्वास्थ्य सेवा विभागवाट स्वीकृत भै संचालन भएका किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा केन्द्रहरू यसै निर्देशिका अनुसार भए गरेको मानिने छ ।

२. दिर्घकालिन, सालवसाली तथा थप आर्थिक दायित्व हुने विषयमा निर्णय लिनु अघि बजेटको सुनिश्चितता सम्बन्धित निकायवाट लिनु पर्ने छ ।

३. लोगो अनुसुचीमा दिईएको नमुना अनुसार देशभर एउटै हुने छ ।

४. आवश्यकता अनुसार यो निर्देशिका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संशोधन गर्न सक्ने छ ।

५. संघ, प्रदेश र स्थानीय तहले यस निर्देशिकालाई अनुकुलन गर्ने छन् ।

# अनुसूचिहरू

## अनुसूची १ : किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था प्रमाणिकरण क्षेत्रका मूल्याङ्कन आधारहरू

मूल्यांङ्कन अनुगमनको विवरण (आन्तरिक तथा वाह्य / प्रमाणीकरण अनुगमन, मूल्याङ्कनको लागि)

स्वास्थ्य संस्थाको नामः ...............
ठेगाना (गाउँपालिका/नगरपालिकाको नाम):...............
वडा नं. ...............
जिल्लाः...............
स्वास्थ्य संस्थाको कोड (उपलब्ध भएमा) ..............................................
स्वास्थ्य संस्थाको प्रकार (सम्बन्धितमा ठिक चिन्ह ✓ लगाउनेः

**१.** आधारभूत स्वास्थ्य सेवा केन्द्र ☐
**२.** आधारभूत अस्पताल (५ देखि १५ शैयासम्म) ☐
३. जनरल अस्पताल (२५ देखि ५० शैयासम्म) ☐
४. जनरल अस्पताल (१०० देखि ३०० शैयासम्म) ☐
५. विशेषज्ञ अस्पताल (कम्तीमा १०० शैया) (थप गर्नु परेमा १००ले भाग जाने सँख्यामा) ☐
६. विशिष्टिकृत अस्पताल (कम्तीमा ५० शैया) (थप गर्नु परेमा ५०ले भाग जाने सँख्यामा) ☐
७. स्वास्थय विज्ञान प्रतिष्ठान अन्तरगतका शिक्षण अस्पताल तथा अन्य शिक्षण अस्पताल (कम्तीमा ३०० शैया) (थप गर्नु परेमा ३००ले भाग जाने सँख्यामा) ☐
८. वाल अस्पताल ☐
९. स्वास्थ्य क्लिनिक ☐
१०. विशेषज्ञ क्लिनिक ☐
११. पोली क्लिनिक ☐
१२. टेस्ट टचुब बेबी ( IVF) सेन्टर ☐

| **अवलोकन गरेको चौमासिक अवधि** | **पहिलो चौमासिक** | **दोश्रो चौमासिक** | **तेश्रो चौमासिक** | **वाह्य मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | | | पहिलो | द्योस्रो |
| **अवलोकन गरेको मिति** | | | | | |
| **अवलोकनकर्ताको नाम** | १.<br>२. | १.<br>२. | १.<br>२. | १.<br>२. | १.<br>२. |

| अवलोकनकर्ताको पद | १.<br>२. | १.<br>२. | १.<br>२. | १.<br>२. | १.<br>२. |
|---|---|---|---|---|---|
| | | | | | |

*नोटः मितिको कोठामा गते/महिना/साल लेख्नेत्र*

*त्रैमासिक हो अहिले*

| तल उल्लेखित सेवाको तयारी/व्यवस्थापन क्षेत्रको अवलोकन गरि मूल्याङ्कन गर्ने । | | | | | | |
|---|---|---|---|---|---|---|
| **मूल्याङ्कनको आधारहरू** | **मूल्याङ्कन सूचक** | **त्रैमासिकस्व मूल्याङ्कन ( उत्तर छ वा छैन वा लागु नहुने)** | | | **प्रमाणिकरण अनुगमनको मूल्याङ्कन** | |
| | | **१** | **२** | **३** | **१** | **२** |
| **१. पुर्वाधार/संरचना** | सेवा प्रदान गर्दा अरुले देख्न, सुन्न नसक्ने गरी गोप्यताको व्यवस्था | | | | | |
| | सफा पिउने पानी, सफा चर्पी र स्वच्छ वातावरण | | | | | |
| | पालो पर्खने स्थानमा बस्नको लागि उपयुक्त व्यवस्था | | | | | |
| | **प्राप्त अंक** | | | | | |
| **२. उपकरण र सामाग्री** | तौल तथा उचाइ मापन उपकरण | | | | | |
| | कण्डम बाकस | | | | | |
| | स्यानिटरी प्याड | | | | | |
| | विषेश सेवाका लागि अनुमती प्राप्त निजी स्वास्थ्य संस्थाको हकमा उक्त सेवाका लागि आवश्यक आधारभुत औषधी र उपकरणको व्यवस्था | | | | | |
| | किशोरकिशारी मैत्री सेवाको साइन वोर्ड लोगो सहित देखिने गरी राखिएको छ । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **प्राप्त अंक** | | | | | |
| **३. व्यवस्थापन** | परामर्श र सेवाहरूको तथ्याङ्को गोपनियता राखेको छ । | | | | | |
| | सेवा प्रदायक स्वास्थ्यकर्मीहरूको निरन्तरता रहेको छ । | | | | | |
| | उपलब्ध स्वास्थ्य सेवा निशुल्क वा न्यूनतम शुल्कमा प्रदान गरेको छ । | | | | | |
| | किशोरकिशोरीलाई चाहिएको सेवा आफनो स्वास्थ्य संस्थामा नभएमा उपयुक्त ठाउँमा प्रेषणका लागि सूची उपलब्ध छ । | | | | | |
| | स्वास्थ्य संस्थाको नागरिक वडापत्रमा किशोरकिशोरी मैत्री सेवा र समय स्पस्ट देखिने गरी राखिएको छ । | | | | | |
| | सेवा लिन आएका किशोरकिशोरीहरूले सकभर छिटो सेवा पाउने व्यवस्था | | | | | |
| | **प्राप्त अंक** | | | | | |
| **४. सूचना, शिक्षा, सञ्चार सामाग्री तथा प्रोटोकलहरू** | किशोरकिशोरीको यौन तथा प्रजनन् स्वास्थ्य र विकास सम्बन्धी फिलिप चार्ट/पोष्टर/पाम्पलेट AFS ko logo sahit ko board | | | | | |
| | किशोरकिशोरीको यौन प्रजनन् स्वास्थ्य र अधिकार बारेमा ८ (कम्तिमा) वटा पुस्तिका सेट | | | | | |
| | उपचार प्रोटोकल निर्देशिका गुणस्तर सुधार कार्ययोजनाको नमूना फाराम, सेवा प्रमाणिकरण मूल्याङ्कन फारामहरू | | | | | |
| | स्वास्थ्य संस्थामा सेवाको लागि पर्खेर वस्ने स्थानमा केन्द्रिय स्तरवाट तयार गरिएको वा प्रदेश तथा स्थानीय तहले | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तयार गरेको किशोर किशोरी यौन प्रजनन् स्वास्थ्य सम्वन्धि पुस्तिकाहरू किशोर किशोरीले सहज तरिकाले पढ्न पाउने वा लान पाउने गरी व्यवस्था गरिएको छ । | | | | | |
| | **प्राप्त अंक** | | | | | |

| **तल उल्लेखित सेवा तथा उपरोक्त स्वास्थ्य केन्द्रवाट दिइने सबै सेवाहरू किशोरकिशोरीहरूलाई मैत्रीपूर्ण रुपमा दिएको विषयलाई स्वास्थ्यकर्मीसँगको अन्तरवार्तावाट निश्चित गर्ने ।** | | | | | | |
|---|---|---|---|---|---|---|
| **मुल्यांङ्नको आधारहरू** | **मूल्याङ्नको सुचक** | **चौमासिक स्व मूल्याङ्न (उत्तर छ वा छैन वा लागु नहुन)** | | | **प्रमाणिकरण अनुगमनको मूल्याङ्न** | |
| | | **१** | **२** | **३** | **१** | **२** |
| **५.सेवाको उपलब्धता** | गर्भ निरोधका सेवाहरू (कम्तिमा कण्डम, पिल्स, तीन महिने सुई ) | | | | | |
| | गर्भ जाँच | | | | | |
| | किशोरकिशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य परामर्श सेवा | | | | | |
| | पोषण सेवा | | | | | |
| | help line सेवाको बारेमा जानकारी दिएको | | | | | |
| | **प्राप्त अंक** | | | | | |
| **६. स्वास्थ्यकर्मीको क्षमता** | किशोरकिशोरीलाई चाहिएको सेवा आफनो स्वास्थ्य संस्थामा नभएमा उपयुक्त ठाउँमा प्रेषण सेवा गरेको | | | | | |
| | सेवा प्रदायक स्वास्थ्यकर्मीहरू र अन्य कर्मचारीहरू किशोरकिशोरी मैत्री सेवामा तालिम तथा अभिमुखिकरण प्राप्त (बृहतसेवा दिने संस्थाको लागि कम्तिमा दुइ जना र कुनै विशेष सेवा मात्र प्रदान गर्ने संस्थामा कम्तिमा एक जना) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | **प्राप्त अंक** | | | | | |
| **७. स्वास्थ्यकर्मीमा सामाग्री प्रयोगको दक्षता** | किशोरावस्था जव एड र अन्य निर्देशिका, प्रोटोकल, मापदण्ड प्रयोग गरेर किशोरकिशोरीहरूको समस्याको पहिचान र व्यवस्थापन गरेको | | | | | |
| | फिलिपचार्ट वा अन्य कुनै मनोपरामर्शका सामाग्रीको प्रयोग गरेर किशोरकिशोरीलाई एथेस्ट समय दिइ यौन तथा प्रजनन् स्वास्थ्य एवं अन्य स्वास्थ्य सेवा सम्वन्धि सहि मनोपरामर्श सेवा दिएको | | | | | |
| | **प्राप्त अंक** | | | | | |
| **८. सेवाको पहूँच** | सेवाग्राहीले शुल्क तिर्न नसके पनि सेवाको अधिकारवाट वञ्चित नगरी सेवा दिने गरेको | | | | | |
| | किशोरकिशोरीले आफ्नो पहिचान खुलाउन नचाहेता पनि सेवा प्रदान गर्ने गरेको अन्य कुनै विवरण वाट अभिलेख गर्ने गरेको | | | | | |
| | कुनै पुर्वाग्रह विना किशोरकिशोरीहरूका चासो तथा आवश्यकता प्रति आदर भाव सहित सेवा दिएको | | | | | |
| | **प्राप्त अंक** | | | | | |

| समुदायमा किशोरकिशोरी मैत्री सेवाको जानकारी, सेवा सम्बन्धि तथ्याङ्क तथा सेवाको दिगोपन क्षेत्रमा निम्न आधारहरूको अवलोकण तथा अन्तरवार्तावाट जानकारी प्राप्त गर्ने । | | | | | | |
|---|---|---|---|---|---|---|
| **मुल्यांकणको आधारहरू** | **मूल्याङ्कन को सूचक** | **चौमासिक स्व मूल्याङ्कन ( उत्तर छ वा छैन वा लागु नहुन)** | | | **प्रमाणिकरण अनुगमनको मूल्याङ्कन** | |
| | | १ | २ | ३ | १ | २ |
| **९. समुदाय अभिमुखिकरण** | किशोरकिशोरी मैत्री स्वास्थ्य सेवाका बारेमा समुदायमा सूचना दिने गरेको छ । स्वास्थ्य संस्थावाट स्वास्थ्यकर्मि विगत ६ महिना भित्र विद्यालयमा यौन तथा प्रजनन स्वास्थ्य एवं अन्य स्वास्थ्य सेवा सम्बन्धि कक्षा लिएको छ । | | | | | |
| | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका, विद्यालय, स्वास्थ्य संस्था व्यवस्थापन समिति वा संचालक समितिले किशोरकिशारी मैत्री सेवा सम्वन्धि जानकारी पाएका छ । | | | | | |
| | **प्राप्त अंक** | | | | | |
| **१०. तथ्याङ्क** | राष्ट्यि किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा गुणस्तर तथा प्रमाणीकरण सामाग्री अनुसार स्वास्थ्य संस्थाले सेवाको स्व. मूल्याङ्कन तथा सेवाग्राहीसँग अन्तरवार्ता गर्ने गरेको छ । | | | | | |
| | गुणस्तर सुधार टोली सक्रिय रहि समय समयमा अवलोकन गरेको छ । | | | | | |
| | किशोरकिशोरी मैत्रीसेवाको प्रकृया र मूल्याङ्कनको अभिलेख तथा प्रतिवेदन राख्ने गरेको । | | | | | |
| | **प्राप्त अंक** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **११. सेवाको विस्तार र दिगोपन** | किशोरकिशोरी मैत्री सेवाको लागि वार्षिकरुपमा स्थानीय तह, वडा वा आफ्नै स्रोतवाट संचालित स्वास्थ्य संस्थाले बजेट तथा कार्यक्रम विनियोजन गरिएको छ | | | | | |
| | **प्राप्त अंक** | | | | | |

**प्राप्त अंकहरूका आधारमा प्रतिशत निकाल्ने फाराम :**

| विषय | चौमासिक स्व मूल्याङ्कन(उत्तर छ वा छैन वा लागु नहुने) | | | प्रमाणिकरण अनुगमनको मुल्यांङ्कन | |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | १ | २ |
| मूल्याङ्कनका जम्मा आधारहरू | ११ | ११ | ११ | ११ | ११ |
| मूल्याङ्कनका आधारहरू वाट प्राप्त अंक | | | | | |
| मूल्याङ्कनआधारवाट प्राप्त अंकको प्रतिशत = [मूल्याङ्कन का आधारहरू वाट प्राप्त अंक/मूल्याङ्कनका जम्मा आधारहरूको संख्या] ×१०० | % | % | % | % | % |

विशेष सल्लाह सुझाव:

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

## अनुसूची २ : किशोर किशोरीसँगको अन्तरवार्ता ( आन्तरिक/स्व तथा वाह्य मूल्याङ्कनको लागि)

| क.सं. | प्रश्न | उतर (छ वा छैन मा) |
|---|---|---|
| १. | स्वास्थ्य केन्द्रमा सूचना, शिक्षा सामाग्री पढ्न पाउनु भयो ? | |
| २. | आफूले चाहेको सेवा प्राप्त गर्नु भयो ? | |

| | | |
|---|---|---|
| ३. | किशोर किशोरीलाई बिना कुनै झंझट चाहेको रुपमा स्वास्थ्यकर्मी संग भेट गर्न दिइएको छ ? | |
| ४. | स्पष्टसँग मनोपरामर्श सेवा प्राप्त भयो ? | |
| ५. | किशारकिशोरीलाई दिएको परामर्श र सेवाको गोपनियताको सुनिश्चित गरेको छ ? | |
| ६. | किशोरकिशोरीलाई बिना कुनै भेदभाव स्वास्थ्य सेवा दिइएको छ ? | |
| ७. | उपरोक्त संस्थामा चाहेएको सेवा नभएमा उपयुक्त ठाउँमा प्रेषण गरेको थियो ? | |
| ८. | किशोरकिशोरी मैत्री सेवाका बारेमा समुदायमा सूचना दिने गरेको छ ? | |

द्रष्टव्य : **माथि दिइएको प्रश्नहरूको आधारमा** कम्तिमा २ जना सेवाग्राही किशोरकिशोरीहरूसँग अन्तरवार्ता लिनु पर्नेछ । स्वास्थ्य सस्थामा किशोरकिशोरी नभेटिएमा समुदायमा गएर भए पनि अन्तरवार्ता लिनु पर्नेछ ।

**अनुसूची : ३** स्वास्थ्य संस्था व्यवस्थापन समिति वा निजिको हकमा स्वास्थ्य संस्था संचालक **समितिका पदाधिकारीसंगको अन्तरवार्ता (आन्तरिक/स्व तथा वाह्य मूल्याङ्कनको लागि)**

| क.सं. | प्रश्न | उत्तर (छ वा छैन मा) |
|---|---|---|
| १. | स्वास्थ्य सँस्थामासूचना, शिक्षा सामाग्रीहरूको निरन्तर व्यवस्था गरेको छ ? | |
| २. | सेवा प्रदायक स्वास्थ्यकर्मीहरू र त्यस सँस्थाबाटदिइने सेवाको लागि आवश्यक साधन तथा उपकरणहरूको निरन्तर व्यवस्था रहेको छ । | |
| ३. | स्वतन्त्र रुपमा किशोर किशोरीलाई स्वास्थ्य कर्मी संग भेट गर्न दिने व्यवस्था छ ? | |
| ४. | सेवाग्राहीले शुल्क तिर्न नसकेमा निःशुल्क सेवा दिने व्यवस्था गरेको छ । | |
| ५. | किशोरकिशोरी मैत्री सेवाको लागि वार्षिक रुपमा स्थानीय तह, वडा वा आफ्नै स्रोतवाट संचालित स्वास्थ्य संस्थाले बजेट तथा कार्यक्रम विनियोजन गरिएको छ । | |
| ६. | किशोरकिशोरीलाई बिना कुनै भेदभाव स्वास्थ्य सेवा दिइएको छ ? | |

| | | |
|---|---|---|
| ७. | स्वास्थ्य संस्थाले किशोरकिशोरी समूहलाई कम्तिमा पनि अर्धवार्षिक रुपमा एक पटक किशोरकिशोरी मैत्री सेवाको वारेमा प्रबर्द्धन गरेको छ ? | |

### अनुसूचि ४ : स्वास्थ्य संस्थाको प्रमाणिकरणका लागि अनुगमन गर्दा ध्यान दिनुपर्ने विषयहरू :

१.स्वास्थ्य संस्थाको अनुगमन गर्दा कम्तीमा १ जना स्वास्थ्यकर्मी सँग अन्तरवार्ता लिने र दक्षता पहिचान गर्न परामर्श सत्रको प्रदर्शनी गराई अवलोकण गर्ने ।

२. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य वा नीजि स्वास्थ्य संस्थाको हक संचालक समिति ंमध्य (कम्तीमा १ जना) सँगको अन्तरवार्ता लिने । अन्तरवार्ताका लागि अनुसुची ३ मा दिइएको प्रश्नमा आधारित रहने र प्राप्त सूचनाको अधारमा अनुसुची १ को व्यवस्थापनसँग सम्बन्धित क्षेत्रमा अंक दिने ।

३. सेवाग्राही किशोरकिशोरीहरू कम्तिमा २ जना सँग अन्तरवार्ता लिनु पर्ने छ स्वास्थ्य सस्थामा किशोरकिशोरी नभेटिएमा समुदायमा गएर भए पनि अन्तरवार्ता लिनु पर्नेछ। अन्तरवार्ताका लागि अनुसुची २ मा दिइएको प्रश्नमा आधारित रहने र प्राप्त सूचनाको आधारमा अनुसुची १ को सम्बन्धित क्षेत्रमा अंक दिनु पर्दछ ।

४. व्यवस्थापन समिती नीजि स्वास्थ्य संस्थाको हकमा संचालक समिति सदस्य तथा स्वास्थ्यकर्मीको उपस्थितिमा स्वास्थ्य संस्थाको अवलोकन गर्ने ।

५. स्वास्थ्य संस्था प्रमाणिकरण गर्दा स्वास्थ्य संस्थाले अनुसूची- ४.वमोजिम नियमित रूपमा गुणस्तर सुधार योजना बनाएको छ छैन हेर्नु पर्ने छ ।

६. स्वास्थ्य संस्थाको अनुगमन प्रमाणिकरणको लागि मात्र नभै प्रमाणिकरण पुर्व र पश्चायत पनि समय समयमा गर्नु पर्दछ ।

७. स्वास्थ्य संस्था अनुगमन तथा प्रमाणिकरणका लागि २ जना प्राविधिक सहित ३ जनाको प्रमाणिकरण टोली गठन गर्दा गठन निम्न विषयहरूलाई ध्यान दिने ।

क. राष्ट्रिय किशोरकिशोरी कार्यक्रमको जानकारी प्राप्त

ख. किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्य गरेको वा तालिम वा अभिमुखिकरण प्राप्त

ग. अनुगमन तथा प्रमाणिकरणमा दक्ष

घ. जन स्वास्थ्य वा स्वास्थ्य विषय अध्ययन गरेको

## अनुसूची ५ कार्ययोजना फाराम

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अनुसिच ५ | | | | | कार्ययोजना अवधि | | | |
| गुणस्तर सुधार समितिले  वनाउने कार्य योजना | | | | | | | | |
| स्वस्थ्य संस्थाको नाम | | | जिल्लाको नाम | | | प्रदेशको नाम | | |
| सि नं | मापदण्डहरु | पुरा न भएका प्रमाणीकरण का आधार हरु | समस्याको मुल कारणहरु | समस्या समाधननका लागि गरिने कृयाकलापहरु | कृयाकलाप संचालन गर्ने जिम्मेवार व्यक्तिहरु | सम्पन हुने मिति | बिद्यमान अवस्था | कैफियत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| क | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| तयार गर्ने | | | | | स्वीकृत  गर्ने | | | |
| नाम | | | | | नाम | | | |
| दर्जा | | | | | दर्जा | | | |
| मिति | | | | | मिति | | | |

## अनुसूचि ६ : किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको लागो

किशोरकिशोरी
मैत्री स्वास्थ्य सेवा

**COLOR VALUE**

C: 0 M: 100 Y: 100 K: 0
R: 237 G: 28 B: 36

C: 100 M: 93 Y: 25 K: 12
R: 39 G: 52 B: 113

**अनुसूची ६: नेपालको किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४ ( २००७) मा उल्लेख गरिएका मापदण्डहरू यस प्रकार छन् ।**

१. किशोरकिशोरीहरूको सहभागितामा किशोरकिशोरी मैत्री सेवाको एक सामान्य प्याकेज सबै स्थानीय तहले आफ्नो तहको वस्तुस्थितीको अध्ययन गरेर निर्माण गर्नुपर्नेछ ।

२. स्वास्थ्य सेवा प्रदायकहरूले किशोरकिशोरीहरूको लागि प्रभावकारी सेवा प्रदान गर्नुपर्नेछ ।

३. किशोरकिशोरीहरूले सेवा उपभोग गर्नको लागि स्वास्थ्य संस्था मैत्री वातावरण (कर्मचारी, भौतिक संरचना, प्रकृया आदि) प्राप्त गर्नसक्नु पर्नेछ ।

४. सेवा प्रदायकहरू किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि आवश्यकतालाई पहिचान गरी सोही अनुसारको व्यवहार गर्न सक्ने हुनुपर्दछ ।

५. समुदायको वातावरण पनि किशोरकिशोरीहरूले आफूलाई यौन तथा प्रजन्न स्वास्थ्य सेवाको आवश्यकता परेको समयमा सजिलै सेवा लिन जान सक्ने खालको हुनु पर्नेछ ।

६. स्वास्थ्य संस्थामा उपलब्ध सेवाहरूको बारेमा किशोरकिशोरीहरूलाई राम्रो सँग जानकारी गराईएको हुनुपर्नेछ ।

७. किशोरकिशोरीहरूलाई यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धि सीप मुलक र व्यवहारिक ज्ञान प्रदान गरिनु पर्नेछ ।

८. किशोरकिशोरीहरूले बिना भेदभाव आफ्नो यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि सेवा तथा सूचना प्राप्त गर्ने अधिकारको उपयोग गरेको हुनु पर्नेछ ।

९. किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्य सेवाको गुणस्तरीता बृद्धि र कायम राख्नको लागि सक्षम स्वास्थ्य व्यवस्थापन प्रणाली हुनु पर्नेछ ।

**References:**


- National Adolescnent Health and development strategy 2018
- National Adolescent Sexual and Reproductive Health program implementation guide 2011
- Health Facility Quality Improvement Module for Health Services Strengthening- 2017
- GLOBAL STANDARDS FOR QUALITY HEALTH-CARE SERVICES FOR ADOLESCENTS volume 1-2015